४. वैदेशिक रोजगारीमा रहेको संलग्नता नै नेपाली पारिवारिक विखण्डनको मुख्य कारण हो भन्ने कुरालाई एक वाक्यमा पुष्टि गर्नुहोस् । (Involvement in the foreign employment as the main reason of family disintegration in Nepal. Justify in one sentence.)

५. बसाइसराई भनेको के हो ? आफ्नो शब्दमा लेख्नुहोस् । (What is migration? Write in your own words.)

६. बसाइसराईका कुनै दुई कारण उल्लेख गर्नुहोस् । (Mention any two causes of migration.)

७. विकासलाई परिभाषित गर्नुहोस् । (Define Development.)

८. विकास प्रक्रियाका कुनै दुई उद्देश्यहरू उल्लेख गर्नुहोस् । (State any two objectives of development.)

९. नेपालमा प्रादेशिक विकासको कुनै एक सम्भावनाको पहिचान गर्नुहोस् । (Identify any one possibility of provincial development in Nepal.)

१०.मुलुकी ऐन भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् । (What is Muluki civil code ?Write in a sentence.)

११.तपाईंको समुदायमा रहेको जातीय विभेद अन्त्य गर्न मुलुकी ऐन, २०७४ लाई कसरी उपयोग गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् । (How do you use civil (Codified) code-2074 to eliminate caste discrimination that exists in your community? Write in a sentence.)

समूह ख (Group B)

(संक्षिप्त उत्तरात्मक प्रश्नहरू / Short Answer questions) 8x5=40

१२. सामाजिक परिवर्तन भनेको के हो ? समकालीन नेपाली समाजमा परम्परागत पेशा वा व्यवसायमा मात्र मानिसहरूको संलग्नता रहन नसक्नुका कुनै तीनकारण उल्लेख गर्नुहोस् । (What is social change? Point out any three causes of people not being involved only in the traditional occupation in contemporary Nepalese society.)

१३."विविधतामा एकता नेपाली समाजको पहिचान हो ।" कुनै उपयुक्त उदाहरणसहित व्याख्या गर्नुहोस्। ("Unity in diversity is the identification of Nepalese Society." Explain with any suitable example.)

Or

राउटे जातिको छोटो परिचय दिंदै उनीहरूको जीवनशैलीका बारेमा लेख्नुहोस् । (Write down about the livelihood of Raute with their brief introduction.)

१४. नेपालमा परिवारको विखण्डनले सृजना गरेका कुनै २ वटा समस्याहरूका बारेमा व्याख्या गर्नुहोस् । (Describe any two problems created by the separation of family in Nepal.)

१५.नेपालमा परिवर्तित विवाह र परम्परागत विवाहका बीचमा उदाहरणसहित कुनै ४ वटा अन्तर लेख्नुहोस् । (Write any four differences between traditional and modern marriage system in Nepal with example.)

१६.नेपालमा संघीयताको व्यवथासँगै स्थानीय सरकारले विभिन्न किसिमका योजनाहरू निर्माण गरी कार्यान्वयन गर्न सक्ने कुराको प्रावधान गरिएको छ । यसै कुरालाई मनन् गर्दै केहि वर्षदेखि स्थानीयतहमा यस्ता कामहरू भइराखेका छन् । यसरी स्थानीय तहमा नै योजना निर्माण गरी कार्यान्वयन गर्दा आमनागरिकहरूलाई के-कस्ता फाइदाहरू होलान् ? प्रष्ट पार्नुहोस् । (With the provision of federal system in Nepal, local government can develop and implement different types of plans at local level.In this regard, what types of benefits would general people receive from these plans ? Clarify.)

१७. तपाईंको छिमेकमा सम्पत्तिको अंशवण्डाका बारेमा विवाद गरिरहेको एउटा परिवारलाई उक्त समस्या समाधान गर्न मुलुकी ऐन अध्ययन गरेको विद्यार्थीका नाताले के कस्ता सुझावहरू दिनुहुन्छ ?(Based on civil code, what suggestions would you give to a family of your neighborhood to settle down their conflict on separation of assets?)

१८. सामाजिक अनुसन्धानमा प्रस्ताव भन्नाले के बुभिन्छ ? यसका तत्त्वहरूको सूची बनाई कुनै एकको व्याख्या गर्नुहोस् । (What is proposal in social research? List out its elements and explain any one of them.)

१९. "दाइजो प्रथाले नेपाली समाजमापारेको प्रभाव" शीर्षकमा सर्वे अनुसन्धान गर्दै हुनुहुन्छ । त्यसका लागि तथ्याङ्क सङ्कलन गर्न उपयोगी हुने कुनै पाँचवटा प्रश्नहरूको सूची तयार गर्नुहोस् । (You are going to carry out a survey research in "the impact of dowry system in Nepalese society". Prepare a list of any five questions that can be used to collect data for this research.)

Or

तपाईंले आफ्नो कक्षामा अध्ययन गर्ने छात्राहरुको दाइजो प्रथाप्रतिको दृष्टिकोण बुभ्ने उद्देश्यले एउटा सर्वे अनुसन्धान गर्दै हुनुहुन्छ । यसका लागि उक्त अनुसन्धानको कुन विधि प्रयोग गर्नुहुन्छ ? किन ? प्रष्ट पार्नुहोस् । (You are going to conduct a survey research to understand the perspective of girl students towards dowry system from your class. In this regard, which survey method do you use? Why? Clarify.)

समूह ग (Group C)

(विस्तृत उत्तरात्मक प्रश्नहरू / Long Answer questions)   3x8=24

२०. नेपाली समाजमा रहेका सामाजिक विभेदका विभिन्न आयामहरूलाई उदाहरणसहित व्याख्या गर्नुहोस् । (Explain the various dimensions of social discrimination existed in Nepalese society with example.)

Or

नेपाल सरकारले समावेशीकरणको नीतिमार्फत सिमान्तकृत वर्गलाई मूलधारमा ल्याउनका लागि गरेका कुनै तीन प्रयत्नबारे संक्षेपमा छलफल गर्नुहोस् । (Discuss any three efforts made by the government of Nepal in implementing inclusive policy to mainstream marginalized groupsin brief.)

२१. तपाईं बसोवास गर्ने समुदायमा रहेका जाति, धर्म, भाषा, पर्यावरण र जीवीकोपार्जनका आधारमा विविधताको अध्ययन गर्दै त्यहाँ रहेका कुनै चारवटा मुख्य समस्याहरू पहिचान गर्नुहोस् र ती समस्याहरू समाधान गर्न सार्थक हुने उपायहरू लेख्नुहोस् । (Study the diversity of your community based on caste, religion, language, ecology, and livelihood and then identify any four major problems exist there and write down the solutions to solvethem.)

२२. प्रवासन भनेको के हो ? नेपालमा बसाइसराईको प्रवृत्ति के छ ? उल्लेख गर्नुहोस् । (What is meant by immigration? What is the trend of migration in Nepal? Mention.)

-0-

NEB - GRADE XII

2079 (2023)

Business Studies

(Model Question)

विधार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारमा दिइएको अंकले पूर्णाङ्क जनाउँदछ ।
(Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.)

Time: 3 hrs.   **Full Marks: 75**

सबै प्रश्नको उत्तर दिनुहोस् । **(Attempt all the questions)**

समूह क (Group 'A')

(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू Very short answer questions.)   (1×11=11)

1. शीर्ष स्तरको व्यवस्थापनका कुनै दुई जिम्मेवारीहरू उल्लेख गर्नुहोस् ।
   Mention any two responsibilities of top level management.

2. रणनीतिक योजना के हो ?
   What is strategic plan ?

3. कार्यक्रमिक निर्णय रगैर-कार्यक्रमिक निर्णयबीचको भिन्नता छुट्याउनुहोस् ।
   Differenciate between programmed and non-programmed decision.

4. साधारण संगठनात्मक संरचनाको चित्र कोर्नुहोस् ।
   Draw a figure of a simple organizational structure.

5. उत्प्रेरणाको अवधारणाबारे लेख्नुहोस् ।
   Write the concept of "motivation".

6. संचार प्रकृयालाई चित्रणगर्ने रेखाचित्र कोर्नुहोस् ।
   Draw a diagram illustrating the process of communication.

7. सुपरीबेक्षणले कसरी कर्मचारीको कार्यसम्पादनलाई प्रभाव पार्छ ?
   How does supervision influence employee's performance ?

8. गुणस्तर व्यवस्थापनका कुनै दुईवटा अंगहरू उल्लेख गर्नुहोस् ।
   Mention any two components of quality management.

9. आपूर्ति शृङ्खला व्यवस्थापनको कुनै दुईवटा महत्त्व उल्लेख गर्नुहोस् ।
   Write any two importance of supply chain management.

10. नेपालमा रहेका पारिवारिक व्यवसायका कुनै दुई उदाहरणहरू उल्लेख गर्नुहोस् ।
    Write any two examples of family business-houses in Nepal.

11. आदेश पत्र भनेको के हो ?
    What is order letter?

समूह ख (Group 'B')

संक्षिप्त उत्तरात्मक प्रश्नहरू (Short answer questions) (8×5=40)

12. व्यवस्थापनलाई किन कला भनिन्छ ? व्याख्या गर्नुहोस् ।

    Why management is referred to as an art ? Explain.

13. वैज्ञानिक व्यवस्थापन भनेको के हो ? प्रशासनिक व्यवस्थापन कुनै चार सिद्धान्तहरू वर्णन गर्नुहोस् ।

    What is scientific management ? Describe any four principles of administrative
    management theory. 1+4

14. निर्णय गर्ने भनेको के हो ? निर्णय गर्ने विभिन्न अवस्थाहरू व्याख्या गर्नुहोस् ।

    What is decision making? Explain the different conditions under which decisions are
    made. 1+4

    ### Or अथवा

    "योजना व्यवस्थापनको प्राथमिक र आवश्यक कार्य हो "औचित्य पुष्टि गर्नुहोस् ।

    "Planning is primary and essential function of management" Justify.

15. विभागीयकरणका कुनै दुई आधारहरू उल्लेख गरी सचित्र व्याख्या गर्नुहोस् ।

    Explain pictorially mentioning any two bases of departmentalization. 2.5+2.5

16. "संस्थाको सफल कार्य संचालन व्यवस्थापकीय नेताको गुणमानिर्भर गर्दछ । "नेपाली परिप्रेक्ष्यमा
    टिप्पणी गर्नुहोस् ।

    "Successful functioning of an organization depends upon the quality of managerial
    leader". Comment in Nepalese perspectives.

17. प्रभावकारी नियन्त्रणका लागि आवश्यक तत्वहरू के के हुन् ? व्याख्या गर्नुहोस् ।

    What are the essentials of effective control? Explain.

18. नेपाली व्यवसायिक संगठनमा द्वन्द्वका स्रोतहरू पहिचान गरी व्याख्या गर्नुहोस् ।

    Identify and explain the sources of conflicts in Nepalese business organization. 1+4

    ### Or अथवा

    व्यवसायिक संगठनको लागि प्रतिभा व्यवस्थापन महत्त्वपूर्ण छ। "औचित्य पुष्टि गर्नुहोस्।

    "Talent management is important for business organization." Justify"

19. २०७९ माघ १० गते सान्तिपुर खबर दैनिकमा प्रकाशित लेखा सहायकको पदका लागि नेपाल
    बैंकलिमिटेडका ठमाडौंको मानव संसाधन प्रबन्धकलाई आवेदन पत्रको मस्यौदा तयार पार्नुहोस् ।
    Draft an application letter to the Human Resources Manager of Nepal Bank Ltd.
    Kathmandu for the position of account assistant that was advertised in the Santipur News
    Daily on 10th Magh, 2079.

समूह ग (Group 'C')

विस्तृत उत्तरात्मक प्रश्नहरू (Long answer questions) (३×८=२४)

20. प्रबन्धकहरू आफ्ना मातहतकाहरूलाई अख्तियार सुम्पन किन हिचकिचाउँछन् ? अख्तियारको प्रभावकारी प्रत्यायोजन सुनिश्चित गर्न प्रबन्धकहरूले पालना गर्न सक्ने कुनै चार सिद्धान्तहरू वा दिशानिर्देशहरू वर्णन गर्नुहोस् ।

   Why are managers hesitant to delegate authority to their subordinates? Describe any four principles or guidelines that managers may follow to ensure effective delegation of authority? 4+4

21. व्यवसायिक सन्दर्भमा कर्मचारी उत्प्रेरणाको व्याख्या गर्न मास्लोको आवश्यकता शृंखला सिद्धान्त कत्तिको प्रभावकारी हुन्छ ? यसका सीमाहरू उल्लेख गर्नुहोस् ।

   How effective is Maslow's hierarchy of needs theory in explaining employee motivation in business contexts? Describe its limitation. 5+3

   ### Or अथवा

   सुपरीबेक्षणको लागि प्रभावकारी सञ्चार किन महत्त्वपूर्ण छ ? प्रभावकारी सुपरीबेक्षणका अवरोधहरू छलफल गर्नुहोस् ।

   Why is effective communication important for supervision? Discuss the barriers of effective supervision. 4+4

22. नयाँ रेस्टुरेन्टको लागि क) व्यवसायको विवरण ख) उत्पादनको विवरण र ग) वित्तीय योजना उल्लेख गरी व्यवसायिक योजना तयार गर्नुहोस् ।

   Prepare a business plan for a new restaurant that includes a) a description of the business, b) a description of the product, and c) a financial plan. 4+2+2

-0-

NEB-XII
2079(2023)
Model Question
Population Studies

परीक्षार्थीले सकेसम्म आफ्नै शब्दमा मौलिक उत्तर दिनु पर्नेछ । किनारामा दिइएका अङ्कले पूर्णाङ्कलाई जनाउँछ ।
The candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.

समय (Time): 3 Hrs.   पूर्णाङ्क (Full Marks): 75

सबै प्रश्नको उत्तर दिनुहोस् । (Attempt All Questions)
समूह 'क'(Group 'A')

(अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरु/Very Short Answer Questions)   ११x१=११

१. सि.पी. ब्ल्याकरका अनुसार जनसङ्ख्या संक्रमणको सिद्धान्तका चरणहरु कतिवटा छन् ?
   (How many stagesare there in demographic transition theoryaccording to C.P. Blacker?)

२. वि.सं. २०७८ सालको जनगणनाको नतिजाअनुसार नेपालको जनसङ्ख्या वृद्धिदर वि.सं. २०६८ सालको भन्दा कम वा बढी के छ ?
   (Is the population growth rate of Nepal according to result of census 2078 B.S. lesser or greaterthan 2068 B.S.?)

३. कोरा जन्मदरको शुत्र लेख्नुहोस् ।
   (Write the formula of crude birth rate.)

४. रुग्णता भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।
   (What is morbidity? Write in one sentence.)

५. यदि कुनै सहर मावि.सं. २०७८ सालमा ४० जनाबसाइँ सरेर आए र त्यो सहरको कुल जनसंख्या २०००० थियो भने उक्त सहरको आप्रवासन दर कतिहोला?
   (If 40 people immigrated to a city in 2078 B.S. and the total population of that city was 20000, what would be the immigration rateof that city?)

६. महिनावारीको समयमा महिलाहरुले अपनाउने सरसफाइका कुनै दुईवटा उपायहरु लेख्नुहोस् ।
   (Write any two measures of hygiene adopted by women during menstruation.)

७. नेपाली समाजमा देखापरेका यौनिकतासम्बन्धी कुनै दुई गलत धारणाहरु लेख्नुहोस् ।
   (Write any two misconceptions about sexuality that has emerged in Nepali society.)

८. सहसम्बन्ध गणना गर्ने शुत्र लेख्नुहोस् ।
   (Write the formula to calculate correlation.)

९. रेखाचित्रको कुनै दुई प्रकारहरु लेख्नुहोस् ।
   (Write any two types of line graph.)

१०. अनुसन्धान प्रक्रियाको पहिलो चरणमा के कस्ता क्रियाकलापहरु अपनाइन्छ ?
    (What activities are followedin the first stageduring research process?)

११. प्राथमिक तथा द्वितीय तथ्याङ्कबिच एक भिन्नता उल्लेख गर्नुहोस् ।
    (State one difference between primary and secondary data.)

समूह 'ख' (Group 'B')

(सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरु/Short Answer Questions)   ८x५=४०

१२. माल्थसको जनसंख्या सिद्धान्तको कुनै पाँचवटा आलोचनाहरु लेख्नुहोस् ।
    (Write any five criticisms of Malthusian theory of population.)

१३. सार्क राष्ट्रहरुको वर्तमान जनसंख्याको आकार र वृद्धिदरको छोटकरीमा व्याख्या गर्नुहोस् ।
    (Describe briefly the current population size and growth rate of SAARC countries.)

अथवा

अतिविकसित र कमविकसित राष्ट्रहरुको जनसंख्याआकार र वृद्धिदरको छोटकरीमा व्याख्या गर्नुहोस् ।
(Describe briefly the current population size and growth rate of more developed and less developed countries.)

१४.तपाइले कुनै एउटा जनसङ्ख्यासँग सम्बन्धित गणितीय समस्या परिकल्पना गरी सो समस्याबाट कोरा जन्मदर पत्ता लगाउनुहोस् ।
(Imagine a population related mathematical problem and calculate crude birth rate from that problem.)

अथवा

तपाइले कुनै एउटा जनसङ्ख्यासँग सम्बन्धित गणितीय समस्या परिकल्पना गरी सो समस्याबाट साधारण प्रजनन दर पत्ता लगाउनुहोस् ।
(Imagine a population related mathematical problem and calculate general fertility rate from that problem.)

१५. मानौं वि.सं. २०७८ सालमा वनेपा नगरपालिकामा ३५०० शिशुहरुको जन्मभएको थियो र सोही वर्षभित्र तिनीहरुमध्ये एक वर्षको उमेर पुरा नहुँदै २२४ शिशुहरुको मृत्यु भएको थियो भने उक्त वर्षको वनेपा नगरपालिकाको शिशु मृत्युदर गणना गर्नुहोस् ।
(Suppose, 3500 babies were born in Banepa Municipality in the year 2078 B.S. and 224 of them died before the age of one year, then calculate the infant mortality rate of Banepa Municipality of that year.)

१६. जनसंख्या र विकासका राष्ट्रिय मुद्दाहरुको सूची बनाई कुनै एकको वर्णन गर्नुहोस् ।
(List out the national issues of population and development and describe any one.)

१७. दिगो विकासका लागि सक्रिय जनशक्तिले खेल्न सक्ने कुनै पाँचवटा भूमिकाहरु लेख्नुहोस् ।
(Write any five roles active manpower can play for sustainable development.)

१८. तलको तथ्यांकबाट मध्यिका गणना गर्नुहोस् ।
(Calculate the median from the following data.)

प्राप्ताङ्क(Marks Obtained)	10-20	20-30	30-40	40-50	50-60	60-70	70-80
विद्यार्थी संख्या(No. of Students)	10	12	14	20	15	5	4

१९. व्यक्तिगत सरसफाइसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्दा तथ्याङ्क सङ्कलनका लागि आवश्यक पर्ने कुनै पाँचवटा प्रश्नहरु तयार पार्नुहोस् ।
(Prepare any five questions needed to collect the data related to personal hygiene in research study.)

समूह 'ग' (Group 'C')

(विस्तृत उत्तरात्मक प्रश्नहरु/Long Answer Questions) ३x८=२४

२०.आन्तरिक बसाइँसराइका मापकहरुलाई सुत्रसहित व्याख्या गर्नुहोस् ।
(Explain measures of internal migration with formula.)

२१. सामाजिक सञ्जालले व्यक्तिको सामाजिक जीवनशैलीमा ल्याउने अवसर र चुनौतीहरुका सम्बन्धमा आफ्नो राय/मत व्यक्त गर्नुहोस् ।
(Express your opinion about the opportunity and challenges of social media in individual's social lifestyle.)

अथवा

नेपालमा लैङ्गिकतामा आधारित महिला हिंसाको अवस्था र यस विरुद्ध भएका प्रयासहरुबारे आफ्नो राय व्यक्त गर्नुहोस् ।
(Express your opinion about the situation of gender based women violence and efforts against it in Nepal.)

२२.नेपालमा हालको किशोर-किशोरीमैत्री प्रजनन स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउन तपाईले अपनाउन सक्ने क्रियाकलापहरु उल्लेख गर्नुहोस् ।
(State the activities that you adopt to make the current adolescent-friendly health service more effective in Nepal.

-0-

NEB- GRADE XII
Model Question
2079 (2023)
Chemistry

Candidates are required to give their answers in their own words as far as practicable.
The figures in the margin indicate full marks.

Time: 3 hrs.   **Full Marks : 75**

Attempt **all** the questions

Group A

Rewrite the correct options of each questions in your answer sheet.   **(11x1= 11)**

1. Identify the equivalent weight of $K_2Cr_2O_7$ in the following reaction?

   (Cr =52, K=39)
   $K_2Cr_2O_7 + 3H_2SO_4 + 5(COOH)_2 \rightarrow K_2SO_4 + Cr_2\{SO_4\}_3 + 10CO_2 + 8H_2O$
   A) 49   B) 294
   C) 98   D) 108

2. In a solution that is at equilibrium, what happens to the concentration of H+ ions if the concentration of OH- ions is increased?

   A) The concentration of H+ ions increases

   B) The concentration of H+ ions decreases

   C) The concentration of H+ ions stay the same

   D) It depends on the initial concentration of H+ ions

3. Assuming the rate of a reaction is doubled for every 10^oC rise in temperature how many times increases the rate of temperature rises from 10^0C to 100^0C?

   A) 112 times   B) 400 times   C) 512 times   D) 614 times

4. forthe given reactions

   i. $C + O_2 \rightarrow CO_2$, $\Delta H = - x \text{ KJmol}^{-1}$
   ii. $2CO + O_2 \rightarrow 2CO_2$, $\Delta H = - y \text{ KJmol}^{-1}$
   The enthalpy of formation of CO becomes
   A) 2y-x   B). 2x-y   C) $\frac{y-2x}{2}$ D) $\frac{x-2y}{2}$

5. What product would be obtained if red hot copper wire reacts with steam?

   A) CuO   B) Cu_2O C) Cu_2O_2 D) Cuo_2

6. For which manufacturing process**,** Bessemer converter is used?

   A) Pig iron   B) Steel   C) Wrought iron   D) Cast iron

7. When Sodium phenoxide reacts with methyl bromide it gives
   A) Cresol   B) Toluene   C) benzene   D) Anisole

8. Identify the X in the following reaction:

A) Na_2S B) Sn/HCl C) $LiAlH_4$ D) Na/H_2

9. Which of the following reagents can be used to distinguish between a phenol and a carboxylic acid?
   A) KOH B) Na C) NaOH D) $NaHCO_3$

10. The colorless sweet smelling liquid compound A which exposed in air forms poisonous phosgene and also react with acetone gives sleep-inducing drug. Predict the product when the compound A reduced in a neutral medium?
    A) Methylene chloride B) Methane C) Ethyne D) Ethane

11. Oxygen containing organic compounds upon oxidation forms a carboxylic acid as the major organic product with its molecular mass higher by 14 units. Identify the organic compound.

    A) A primary alcohol B) An aldehyde C) A ketone. D) A secondary alcohol

Group B

Short answer questions   **(8x5= 40)**

12. The addition of solution of required concentration in a reaction mixture yields profitable products and saves reactants.
    a) A solution of HCl is labelled 2M. Clarify its meaning?
    b) In which aspects molarity is different frommolality?
    c) List the significance of normality factor in preparation of standard solution?
    d) Liquor ammonia kept at a corner of your chemistry lab is 25% (w/w) NH_3 and its specific gravity is 0.91. Find the molarity of liquor ammonia.   [1+1+1+2]

13. a) Write down the differences between rate of reaction and rate constant. (2)
b) For the reaction 2A+B→product, following data were obtained

Experiment	[A], moleLitre^{-1}	[B], moleLitre^{-1}	Initial rate, moleLitre^{-1} S^{-1}
1	0.50	0.50	1.6×10^{-4}
2	0.50	1.00	3.2×10^{-4}
3	1.00	1.00	3.2×10^{-4}

 Find,
  i) order with respect to A and B. (1)
  ii) the value of the rate constant of the reaction (1)
  iii) the rate of reaction when the concentration of A and B is 0.5M and
        0.4 M, respectively. (1)

Or

2

Four metals A, B, C and D react in the following way:

B displaces only **A** from solution. Only **D** and **C**displaces hydrogen from 1M HCl solution. None of the metals will displace **C** from solution. Answer the followings:

  i) Make the activity series of four metals with hydrogen (1)

ii) The standard potential for the following electrodes are:
        $C^{++} + 2e^- \, C, E^o = \to 0.76V$

        $D^{+++} + e^- \longrightarrow D^{++}, E^o = +0.77V$

    a) Construct the galvanic cell by pointing out cathode and anode. (2)

    b) With 1M solution of the ions, what will be EMF of cell? (1)

    c) Will the reaction occur: $C^{++} + 2D^{++} \to C + D^{+++}$. Occur? Give reasons. (1)

14. An ammonia solution is added to the sulphate of coinage metal **A**,the blue

   Precipitates (**B**) which appears dissolves in excess of reagent to form deep blue

   Solution(**C**). Answer the followings:

   a) Identify A, B and C with sequence of chemical reaction. (3)

   b) Predict the electronic configuration of this metal A. (1)

   c) Select the suitable methods for the purification of metal A? (1)

15. What is meant by d-d electron transitions? List the characteristics of transition metals.   1+4=5

16. Write down the structural formula and IUPAC name of tertiary alcohol with formula $C_4H_{10}O$. How would you apply Victor Meyer's method for the distinction of 1- propanol and 2- propanol ? Explain.   1+4

17. An organic compound X reacts with methyl magnesium bromide followed by acidic hydrolysis yields the compound Y. The compound Y On oxidation with acidified $KMnO_4$ yields Z. All three gives positive iodoform test. Answer the followings:
  a). Predict the compounds X , Y and Z with sequence of reaction and give their IUPAC names.   (3)
  b) Make the product by reacting Z with dilute NaOH?   (2)

OR

  An organic compound(X) when heated with acetone gives hypnotic and nervous sedatives drugs and form carbonyl chloride when it exposes to air
  a) Predict the organic compound (X)   (1)
  b) Write the reactions for the formation of (X) from ethanol. A   (2)
  c) Predict compound the new compound by treating (X) withconcnitric acid?   (1)
  d) Convert (X) into acetylene.   (1)

18. .a) Nitro group in nitrobenzene is meta-directing group towards electrophilic substitution reaction, why? How does nitrobenzene react with?
    i) Zn/ NH_4Cl ii) $LiAlH_4$ (2+2)
   b) What are the isomers of formula C_2H_7N?   (1)

19. Give an example of the following reactions   1x5=5
    (a) RiemerTiemann's reaction   (b) Perkin's condensation reaction
    (c) Williamson's ether synthesis   (d) Cannizzaro's reaction
    (e) Sandmeyer's reaction

Group C

Long answer questions   **(3 x 8 =24)**

20. The expressions of Ostwald's dilution law is,
$$\propto = \sqrt{\frac{K_a}{C}}$$
    a) Derive it.
    b) What information can you obtain from this expression?
    c) Will strong electrolytes obey this expression, why?
    d) 0.1M ethanoic acid is 1.34% ionized. Find its dissociation constant.
                                                                            (3+ 2+1+2)

Or

 a) Hess' law is applied to calculate different types of enthalpy of reaction.
    i) Illustrate the Hass law of constant heat summation.
    ii) Standard enthalpy of combustion of c (g); H_2 (g) and C_2H_2 (g) are -394 KJ mol^{-1}, -286 KJ mol^{-1} and
       -1300 KJ mol^{-1} respectively. Calculate enthalpy of formation of acetylene.   (2+4)
    b) Draw the energy profile diagram of exothermic and endothermic reaction.   (1+1)

21. An organic compound $C_2H_4O_2$ has two functional isomers **A** and **B**. Isomer **A** changes blue litmus into
    red and **B** has fruity smell**.**

    a) Give the reaction for the formation of **A** by using Grignard's reagent.   (1)
    b) Convert the isomer **A** into isomer**B?**   (2)
    c) Write a suitable test reaction to distinguish **A** frommethanoic acid.   (1)
    d) Arrange the following in the decreasing order of their acidic strength and give reason for your
        answer.
            CH_3COOH, $ClCH_2COOH$, FCH_2COOH, C_6H_5COOH (2)
    e) Identify A and B of the following reactions.   (2)

OR

Amines are formally derivatives of ammonia, wherein one or more hydrogen atoms have been replaced
by a substituent such as an alkyl or aryl group which may respectively be called alkyl amines and aryl
amines.
    a) Give a test to distinguish alkyl amine and aryl amine.   (2)
    b) How can you separate ethylamine and dimethylamine present in mixture byHoffmann's method? (3)

    c) Arrange the following amines In terms of increasing order of basic strength.   (1)
            Propyl amine,ethyl methylamine, trimethylamine.
    d)   Convert: ethanamine to methanamine   (2)

4

22. a. How are cement classified on the basis of hardening and setting behavior? (2)

    b. Differentiate between

      i. paper and pulp (2)

      ii. artificial and natural radio activity (2)

      iii .addition and condensation polymer (2)

-o-

Format for Weightage of different level of cognitive domain given in Chemistry Question Paper

Grade: XII
Subject: Chemistry
Year:
Full Marks: 75
Pass Marks:

Cognitive Level	Weightage given in SG	Question Number			Marks given in various types of questions			Marks and percentage given in the question paper
		VSQ/ MCQ	SAQ	LAQ	VSQ/ MCQ	SAQ	LAQ	
Knowledge	12	6, 7	12c,15 ,19		2	1+10 =11		12 (16%)
Understanding	18	1, 3, 5 8, 9	12b,18 ,	22	5	1+5 =6	8	18 (24%)
Application	21	2, 4, 10	12a 12d 16	20	3	3+5 =8	8	21(28%)
Higher Ability	24	11	13, 14, 17	21	1	15	8	24 (32%)
Total	100%	**11**	**8**	**3**	**11**	**40**	**24**	**75 (100%)**

NEB - GRADE XII
2079(2023)
Model Question
Economics

परीक्षार्थीले सकेसम्म आफ्नै शब्दमा मौलिक उत्तर दिनु पर्नेछ । किनारामा दिइएका अङ्कले पूर्णाङ्कलाई जनाउँछ ।

The candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.

समय (Time): 3 Hrs.   पूर्णाङ्क (Full Marks): 75

सबै प्रश्नको उत्तर दिनुहोस् । (Attempt All Questions)

समूह 'क' (Group A)

(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/Very Short Answer Type Questions)   11×1 = 11

1. श्रम विभाजनका कुनै दुई फाइदाहरू लेख्नुहोस् ।
   Write any two advantages of division of labour.

2. एक विक्रेताले १० ओटा बस्तुको बिक्रीबाट रु. ७०० रुपैयाँ कमाउँछ । यदि उसले थप एक एकाइ बेच्यो भने, उसको कुल आय रु.७५० हुन्छ भने सूत्र प्रयोग गरी सीमान्त आय पत्ता लगाउनुहोस ।
   A seller earns Rs. 700 from the sale of 10 units of a good. If s/he sells 1 more unit, her/his total revenue becomes Rs 750, then find marginal revenue by using formula.

3. मुद्रा आपूर्ति र कर्जा नियन्त्रण गर्न केन्द्रीय बैंकले अवलम्बन गर्ने नीतिलाई के भनिन्छ ?
   What is the policy applied by central bank to control the money supply and credit called?

4. स्थिर विनिमय दर र परिवर्तनशील विनिमय दर बिचको कुनै एउटा भिन्नता लेख्नुहोस् । Write any one difference between fixed exchange rate and flexible exchange rate.

5. संरचनागत बेरोजगारी भनेको के हो ?
   What is 'structural unemployment'?

6. नेपाल विश्व व्यापार संगठनको सदस्य कहिले भयो ?
   When did Nepal become the member of WTO ?

7. नेपालको चालू योजनाले गरिबीको रेखामुनिको जनसंख्यालाई कम गर्ने लक्ष्यका साथ राखेका कुनै दुई नीतिहरू लेख्नुहोस् ।
   Write down any two policies aimed at reducing the size of population below poverty line in the current plan of Nepal.

8. तपाईंको समुदायमा लैंगिक असमानता छ । चाहे परिवारमा होस् वा विद्यालयमा होस् छात्राहरूको तुलनामा छात्रहरूलाई वढि महत्त्व दिइएको पाइन्छ । यस्तो सन्दर्भमा नेपालले सन् २०३० सम्म शिक्षामा लैंगिक समानताको लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने उद्देश्यले तपाईंले खेल्न सक्ने कुनै दुई भूमिकाहरू उल्लेख गर्नुहोस् ।
   There is gender inequality in you community. More prioriety is given to boys as compared to girls either at home or in school. In this regard, state any two roles that you can play to achieve the goal of gender equality in education by 2030 in Nepal ?

9. प्राथमिक तथ्याङ्कक संकलन गर्नु पूर्व जानकारी राख्नु पर्ने कुनै दुई कुराहरू लेख्नुहोस् ।
   Write any two pre-requisites of primary data collection.

10. द्वितियक तथ्यांकका स्रोतहरूमा पुस्तक, पत्रपत्रिका, रेडियो, आदि पर्दछन् । तर तिनीहरुवाट तथ्यांक संकलनमा अनेक समस्या रहन्छन् । यस सन्दर्भमा द्वितीयक स्रोतबाट तथ्यांकहरू प्रयोग गर्दा आइपर्ने कुनै दुई समस्याहरू औल्याउनुहोस् ।
    The sources of primary data collection are book, newspaper, radio, etc. But there are various problems in data collection from such sources. In this regard, point out any two problems while using the data from secondary sources.

11. यदि प्रथम चतुर्थांस र तृतीय चतुर्थांशहरूको फरक र योगफलहरू क्रमश: ४५ र ७५ भए चतुर्थक विचलक गुणाङ्क पत्ता लगाई व्याख्या गर्नुहोस् ।

If the difference and sum of first quartile (Q_1) and third quartile (Q_3) are 45 and 75 respectively. Find the coefficient of quartile-deviation and interpret it.

समूह ख (**Group B**)

(संक्षिप्त उत्तरात्मक प्रश्नहरू/**Short Answer Type Questions**)   **8×5 = 40**

12. स्रोत र साधनको बाँडफाँडको अर्थ के हो ? स्रोतहरुको बाँडफाँड गर्दा उत्पन्नहुन सक्ने प्रमुख तीनवटा समस्याहरूको पहिचान गरी वर्णन गर्नुहोस् ।

What is the meaning of allocation of resources ? Identify and describe the three major issues that may arise while allocating resources.   2+3

Or (अथवा)

बजार अर्थतन्त्र भनेको के हो ? यसका कुनै चारवटा विशेषताहरू वर्णन गर्नुहोस ।

What is Market Economy ? Explain any four features of market economy.   1+4

13. नाफाको अनिश्चितता वहन सिद्धान्तको वर्णन गर्नुहोस । यसका कुनै चारवटा कमजोरीहरु औल्याउनुहोस् ।

Describe the Uncertainty Bearing Theory of Profit. Point-out its' any four weaknesses.
                3+2

14. दिइएको तालिकाका आधारमा निम्न प्रश्नहरूको उत्तर दिनुहोस् ।

Give the answer of following questions on the basis of given table.   2+3

Output	1	2	3	4	5	6
TC	8	14	18	28	45	72
AC		7			9	
MC				10		27

   i.   माथिको तालिका पूरा गर्नुहोस् । (Complete the above table.)
   ii. पुरा गरिएको तालिकाबाट औसत् लागत र सीमान्त लागतका रेखा चित्र खिच्नुहोस् ।
        Draw AC and MC curves from the completed table.

15. कुनै एकाधकारी फर्मले बस्तुको मूल्यमा क्रमश: कमि गर्दै लगेर आफुले चाहे जति बस्तुको परिमाण बिक्री गर्न सक्दछ । यस जानकारीका आधारमा फर्मको कुल आय, औसत् आय र सीमान्त आय देखाउने तालिका तयार पार्नुहोस् र उक्त तालिकाको आधारमा सीमान्त आय तथा औसत् आय रेखाचित्र खिच्नुहोस् ।

'A monopoly firm can sell as many goods as it wants to sell by decreasing prices'. Based on this information, prepare a table showing the firm's total revenue, average revenue and marginal revenue. Draw the curves of average revenue and marginal revenue based on the table.   3+2

16. मुद्रा बजारको परिभाषा दिनुहोस र यसका कुनै चारवटा विशेषताहरूको व्याख्या गर्नुहोस् ।

Define Money Market and describe any four features of it.   1+4

17. हाल नेपालमा निरन्तर बढ्दो आर्थिक असमानताको अवस्थाले गर्दा देशको सामाजिक, राजनीतिक र समग्र आर्थिक क्षेत्रमा प्रतिकुल असर परेको देखिन्छ । यस्तो अवस्थालाई कम गर्न कुनै पाँच व्यावहारिक उपायहरू सुझाउनुहोस् ।

Currently, increasing economic inequality situation in Nepal has adversely affected the social, political and whole economic sectors of the country. Suggest any five practical measures to reduce this situation.

18. नेपालको विकासका योजना निर्माण तथा कार्यान्वयनको इतिहास लामो छ । तर पर्याप्त विकास हुन सकिरहेको छैन । यस सन्दर्भमा नेपालले प्रभावकारी विकास योजना निर्माण गर्न के के चरणहरू अपनाउनु पर्दछ ? सुभाव दिनुहोस् ।

Nepal has a long history of formulation and implementation of development plan. But there is no sufficient development. In this regard, suggest the steps to formulate an effective development plan in Nepal.

19. दिइएको तथ्याङ्कबाट स्तरीय विचलन पत्ता लगाई नतिजाको व्याख्या गर्नुहोस् ।

Find the standard deviation from the given data and interpret the result.   4+1

ज्याला रु.(Wages Rs.)	श्रमिकको संख्या (No. of Labour)
45	8
55	7
65	3
75	2
80	4

or (अथवा)

तलको तथ्यांकबाट लास्पेयरको सूत्र प्रयोग गरी मूल्य सुचकाङ्क पत्ता लगाउनुहोस् र नतिजाको विश्लेषण गर्नुहोस् ।

Find Price Index using Laspeyre's formula and interpret the result.   4+1

वस्तुका प्रकार (Types of goods)	आधार वर्ष (Base year)		चालू वर्ष (Current year)	
	मूल्य (Price)	परिमाण (Quantity)	मूल्य (Price)	परिमाण (Quantity)
चामल (Rice)	70	15	80	20
पिठो (Flour)	40	5	45	7
आलु (Potato)	30	10	35	12
तेल (Oil)	200	7	250	5
दुध (Milk)	30	5	35	4

समूह 'ग' (Group C)

(विस्तृत उत्तरात्मक प्रश्नहरू /Long Answer Type Questions)   **3×8 = 24**

20. पूर्ण प्रतिस्पर्धा अन्तर्गत उत्पादनको मूल्य तथा परिमाण निर्धारण हुने प्रकृयालाई चित्रित गर्नुहोस् र MR-MC अवधारणा अनुसार फर्मको अल्पकालीन सन्तुलनका अवस्थाहरू देखाउनुहोस् ।

Illustrate the price and output determination process under perfect competition and show the situations of short-run equilibrium of the firm by MR-MC approach.   4+4

21. तुलनात्मक लाभको सिद्धान्त अन्तर्राष्ट्रिय व्यापारको आवश्यकतासँग सम्बन्धित छ । हरेक देशहरूले आफ्नो देशमा उत्पादन गर्दा बढि लागत पर्ने वस्तु आयात गर्दछन् । एउटा उपयुक्त उदाहरणको साथ व्याख्या गर्नुहोस् ।

The Comparative Advantage theory of international trade is relatedto the need of international trade.Every country imports the goods if their cost of production is high in the country. Explain with a suitable example.

22. नेपाल जस्ता विकासोन्मुख देशका लागि बैदेशिक रोजगारी बढ्दो बेरोजगारीको समस्या समाधान गर्ने एउटा उपाय हो । तथापि यसले भविष्यमा यी देशहरुले बिभिन्न समस्याहरु सामना गर्नुपर्ने पनि हुन सक्छ । यस्ता सम्भावित समस्याहरुलाई मनन् गरी चार ⁄ चार बुँदाहरुमा आफ्ना बिचारहरु ब्याख्या गर्नुहोस् ।

Foreign employment is a way to solve the unemployment problem for developing countries like Nepal. However, from this, such countries will have to face various problems in future. Considering such possible problems, explain your ideas in four points for each. 4+ 4

<div align="center">अथवाor</div>

नेपालका लागि सान्दर्भिक रहेका संयुक्त राष्ट्र संघका दीगो विकासका कुनै चारओटा लक्ष्यहरू प्राथमिकीकरण गर्नुहोस् । नेपालको सन्दर्भमा यी लक्ष्यहरुलाई प्राथमिकतामा राख्न किन जरुरी छ ? प्रष्ट पार्नुहोस् ।

Prioritize and list out any four major SDGs of UN that is directly relevant to Nepal. Why these aims should be prioratized in Nepalese context? Clarify. 2+3+3

<div align="center">-0-</div>

NEB- XII
(2079/2023)
Model Question
Tourism and Mountaineering Studies

विद्यार्थीहरूले सकेसम्म आफ्नै शव्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अंकले पूर्णाङ्क जनाउँदछ ।
Candidates are required to give their answer in their own words as far as practicable.
The figures in the margin indicate full marks.

Time: 2hrs   **Full Marks -50**

खण्ड 'क'(Group 'A')

(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/**Very short answer questions.**)   ९×१ = ९

१. पर्यटनमा आवास सुबिधाको अर्थ के हो ?
   What is the meaning of accommodation in tourism?
२. नेपालमा संचालितकुनै चार शाहसिक पर्यटनको नाम लेख्नुहोस् ।
   List any four adventure tourism activities operating in Nepal.
३. पर्यटनमा आरक्षणगर्नुपर्नाका कुनै दुई कारणहरू प्रष्टपार्नुहोस् ।
   Justify any two reasons of reservation in tourism.
४. आवागमन सेवाभनेको के हो स्पष्टपार्नुहोस् ।
   Illustrate the meaning of arrival transfer?
५. चेनव्यवसाय र फ्रेन्चाइजिङ्ग मध्ये कुन बढी नाफामूलक हुन्छ होला ?
   In 'Franchise' and Chain' business, which is more profitable business?
६. इ- टिकेटिङ्गका कुनै दुई फाइदाहरू लेख्नुहोस् ।
   Write any two benefits of E- ticketing.
७. कुन अवस्थामा 'नो-सो'लाग्दैन ।
   In which condition 'No – show' is not applicable?
८. Acute Mountain Sickness बाट कसरी जोगिन सकिन्छ ।
   How to prevent 'Acute Mountain Sickness(AMS)?
९. पासपोर्ट भनेको के हो ?
   What is passport?

खण्ड 'ख'(Group 'B')

(संक्षिप्त उत्तरात्मक प्रश्नहरु / **Short answer questions.**)   ५ × ५ = २५

१०. नेपालको बिश्व सम्पदामा सुचिकृत स्थानहरू समावेस गरेर अन्तरराष्ट्रिय पर्यटकका लागि ३ रात/४दिनको यात्राविवरणिका तयार गर्नुहोस् ।
   Develop a tour itinerary of 03 nights/ 04 days for international tourist including World HeritageSites of Nepal.
११. "पर्यटन पथप्रदर्शक भनेको देशको राजदुत हो" । यो कथनको आधारमा पर्यटन पथप्रदर्शकको भूमिका र जिम्मेवारी दर्शाउनुहोस् ।
   "Tourist guide is the ambassador of the country". Justify this statement based on the roles and responsibilities they perform as a guide.
                              अथवा (OR)
   एकल स्वामित्व र साझेदारी पर्यटन व्यवसायमा ओचनात्मक भिन्नताहरु देखाउनुहोस् ।
   Critically differentiate between sole ownership and partnership in tourism business.

१२. भुक्तानी फिर्ताका साधारण नियमहरू लेख्नुहोस् ।

Write down general rules of refunding the payment.

<div align="center">अथवा(OR)</div>

ग्राहक गुनासो समाधानका नियमहरू लेख्नुहोस् ।
Describe the process of handling client's complaints.

१३. यदि दोहाको स्थानिय समय १७.५० वजे (बिहीबार २७ फ्रेबुअरी) उडेको हवाइजहाज काठमाडौंमा ०१.०० बजे (शुक्रबार २८ फ्रेबुअरी) अवतरण गर्छ भने दोहाबाट काठमाडौंको उडान समय फेला पार्नुहोस् । हिसाब क्रमबद्धरूपमा देखाउनुहोस् । (दोहाको STD + ०३ र काठमाडौंको + ०५.४५)
If a flight left Doha local time at 17.50 (Thu. Feb 27) and arrives at Kathmandu 01.00 (Fri. Feb 28). Findout the flight duration from Doha to Kathmandu. Show the step by step process of calculation.(Doha STD + 03 and Kathmandu + 5.45)

१४. एउटा हिमाल आरोहणको क्रममा नेतृत्त्वकर्ताको भूमिकाकोबारेमा वर्णन गर्नुहोस् ।
Describe the role of expedition leader during an expedition.

<div align="center">खण्ड 'ग'(Group 'C')</div>

(विस्तृत उत्तरात्मक प्रश्नहरू/Long answer questions.)   २ × ८=१६

१५. होटलको meal plan भनेको के हो ? एकल कोठा र दुईजना कोठाको बिभिन्न प्रकारका meal plans उदाहरण सहित बर्णन गर्नुहोस् ।
Explain the different meal plans with examples of each plan for single room and double room.

१६. उच्च हिमाल आरोहणका क्रममाहुन सक्ने भयावह खतराहरू के के हुन् ? त्यस्ता खतराबाट जोगिने उपायहरू लेख्नुहोस् ।
What are the major risks in Himalayan expedition? Mention the ways to avoid those risks?

<div align="center">अथवा(OR)</div>

एउटा क्याम्प साइटको छनौट गर्दा कस्ता प्रकारका सुविधा, सेवा, तथा सुरक्षामाविचार पुर्‍याउनुपर्छ ? प्रस्ट्याउनुहोस् ।
What types of facilities, services and safety measures should be consideredwhile selecting a camp-site.

<div align="center">-0-</div>

NEB- XII

2079/2023

Model Question

Marketing

Time: 3 hrs.   *Full Marks: 75*

विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दाँया किनारामा दिइएका अङ्कले पूर्णाङ्क जनाउँदछ ।

Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.

सबै प्रश्नको उत्तर दिनुहोस् । (Attempt All Questions)

समूह 'क'(Group 'A')

(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/Very Short Answer Questions)   [11x1=11]

1. बजारशास्त्र भनेको के हो ?
   What is Marketing ?

2. मुख्य वस्तुको कुनै दुईवटा उदाहरणहरू उल्लेख गर्नुहोस् ।
   Mention any two examples of core product.

3. "मार्का नाम" लाई "व्यापार चिन्ह" मा तपाईं कसरी बदल्नुहुन्छ ?
   How do you convert "brand name" into "trade mark"?

4. मूल्य निर्धारणको परिभाषा लेख्नुहोस् ।
   Define pricing.

5. खुद्रा बिक्रेताले के गर्दछ ?
   What does a retailer do?

6. तपाईँले कलेजको प्रचारको लागि कुन प्रचार औजारलाई उपयोग गर्नुहुन्छ ? कुनै दुईवटा उल्लेख गर्नुहोस ।
   Which publicity tools will you use for promoting your college ? Mention any two.

7. कृषि बजारशास्त्रको कुनै दुईवटा विशेषता उल्लेख गर्नुहोस् ।
   State any two features of agriculture marketing.

8. 'बजारशास्त्र नैतिकता' शब्दलाई परिभाषित गर्नुहोस् ।
   Define term 'Marketing ethics'.

9. बजारशास्त्रीको रूपमा तपाईँले उपभोक्ताप्रति वहन गर्नुपर्ने दुईवटा दायित्वहरू उल्लेख गर्नुहोस् ।
   As a marketer, state any two obligations you need to fulfil toward customers.

10. विक्रेताले के कार्य गर्छ ?
    What does a salesperson do ?

11. प्रभावकारी विक्रेताको रूपमा तपाईंमा हुनुपर्ने दुईवटा गुणहरू उल्लेख गर्नुहोस् ।
    As an effective salesperson, what qualities you should possess ? Mention any two.

समूह 'ख' (Group 'B')

(संक्षिप्त उत्तरात्मक प्रश्नहरू/Short Answer Questions)   [8x5=40]

12. विशिष्ट वस्तुको विशेषतासहित वर्णन गर्नुहोस् ।
    Explain the specialty product with its features.

13. तपाईंलाई मुनाफा बृद्धि गर्ने उद्देश्यका साथ वस्तुको मूल्य निर्धारण गर्ने जिम्मेवारी दिइएमा उक्त कार्य कसरी सम्पन्न गर्नुहुन्छ ? प्रष्ट पार्नुहोस् ।

Suppose you are entrusted with the responsibility of determining the price for product to maximize profit, how do you accomplish this task? Elucidate .

14. उपभोक्ता वस्तुहरूको माध्यम संरचना सचित्र वर्णन गर्नुहोस ।

Describe with diagram the channel structure for consumer Products.

15. उपभोक्ताको लागि व्यक्तिगत विक्रयको महत्व उदाहरणसहित वर्णन गर्नुहोस ।

Illustrate the importance of personal selling consumer point of view.

16. उत्पादकको रूपमा तपाईंले वस्तुको व्यापार बिक्री प्रवर्द्धनका लागि कुन कुन विधिहरू प्रयोग गर्नुहुन्छ ?

As a manufacturer, select the methods of trade sales promotion to promote your product ?

17. नेपालमा औद्योगिक बजारशास्त्रको सम्भाव्यता लेखाजोखा गर्नुहोस् ।

Assess the prospects of industrial marketing in Nepal.

Or

तपाईंको विचारमा के एकाइसौं शताब्दिमा सेवा बजारशास्त्र लोकप्रिय हुँदै गइरहेको छ ? कारण सहित व्याख्या गर्नुहोस् ।

Do you think service marketing is getting popular in 21st century ? Justify with reason.

18. वर्तमान अवस्थामा नेपाली व्यवसायले भोग्नुपरेका अवरोधहरू के के हुन्, वर्णन गर्नुहोस् ।

Identify various sorts of barriers Nepali businesses facing today.

Or

बजारशास्त्रमा नैतिक व्यवहार परिचय दिई नैतिक व्यवहार बृद्धि गर्नको लागि निर्देशिकाको खाका तयार गर्नुहोस् ।

Define and outline an ethical guidelines for betterment of ethical behavior in the marketing.

19. विक्रयकलालाई "कला र विज्ञान" रूपमा उदाहरण सहित स्पष्ट पार्नुहोस् ।

Illustrate salesmanship as "Art and Science".

समूह 'ग' (Group 'C')

(विस्तृत उत्तरात्मक प्रश्नहरू/Long Answer Questions)   [3x8=24]

20. कच्चा पदार्थको अर्थ र विशेषताहरू वर्णन गर्नुहोस । साथै कच्चा पदार्थको बजारीकरणमा ध्यान दिनुपर्ने कुराहरू उदाहरण सहित प्रस्ट पार्नुहोस ।

Explain the meaning and features of raw materials. Also illustrate marketing considerations of raw materials.   3+5

21. "नेपालमा वितरण प्रणालीलाई विकास गर्न यातायात र गोदाम दुई प्रमुख तत्वहरू हुन्"। यो भनाईलाई तर्कका साथ समर्थन गर्नुहोस ।

"Transportation and warehousing are the major components to develop distribution system in Nepal."Support this statement with convincing logic.

Or

माध्यम द्वन्द भनेको के हो ? तपाईंको कम्पनीमा माध्यम सदस्यहरूका विचमा द्वन्द भएमा कसरी समाधान गर्नु हुन्छ ? यस्ता द्वन्दलाई समाधान गर्ने तरिकाहरूका बारेमा सुझाव दिनुहोस् ।

What is channel conflict ? Suggest measure to resolve such types of conflict among the channel members in your company.   2+3+3

22. कृषि बजारशास्त्र भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा कृषि बजारशास्त्रमा देखा परेका समस्याहरू खोजी वर्णन गर्नुहोस ।

What is meant by agriculture marketing¿ Explore the problems of agriculture marketing in Nepal.   2+6

NEB- XII
2079 (2023)
(Model Question)
Civil and Criminal Law and Justice

विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारमा दिइएको अंकले पूर्णाङ्क जनाउँदछ । *(Candidate are required to give their answer in their own words as far as practicable. Figures in the margin indicate full marks.)*

Time: 3:00 hrs.   **Full Marks: 75**

(सबै प्रश्नको उत्तर दिनुहोस् /Attempt All Questions.)
Group-'A'(समूह'क')
(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/Very Short Answer Questions.)   *(11x1=11)*
१. देवानी कानुन भनेको के हो ?
    What is Civil Law ?
२. देवानी र फौजदारी न्यायबीचको कुनै दुई मूख्य भिन्नता उल्लेख गर्नुहोस् ।
    Mention any two major difference between civil and criminal justice.
३. विवाहित महिलाले सम्बन्ध विच्छेद गर्नका लागि लिनुपर्ने कुनै दुईवटा आधार लेख्नुहोस् ।
    Write any two criteria of divorce for a married woman.
४. कुनै दम्पतिले धर्मपुत्र वा पुत्री राख्न चाहेमा पहिलो चरणमा के गर्न सुझाव दिनुहुन्छ ?
    If a couple wishes to adopt a child, what do you suggest them to take as the first step ?
५. के-कस्ता किसिमका अपराधहरू जघन्य अपराधसँग सम्बन्धित हुन्छन् ? कुनै दुईवटा उल्लेख गर्नुहोस् ?
    What sort of crimes is related to heinous crime ? Mention any two.
६. फौजदारी कानुनअन्तर्गतको सापेक्ष र निरपेक्ष दायित्वबीच रहेको फरक एक वाक्यमा छुट्याउनुहोस् ।
    Differentiate between relative and strict liability under criminal law in one sentence.
७. प्यारोल भन्नाले के बुभिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।
    What do you understand by parole ? Write in a sentence.
८. लिच्छवी कालमा कसुरदारलाई कस्ता किसिमका सजायहरू दिइन्थ्यो ? कुनै दुईवटा उल्लेख गर्नुहोस् ।
    What sort of sentences were given to the convicted during 'Lichchhavi' period ?
    Mention any two.
९. कर्ते भनेको के हो ?
    What is forgery ?
१०. गोपनियताको हक भनेको के हो ?
    State the term right to privacy.
११. अपराध पीडितका कुनै दुईवटा कर्तव्यहरू लेख्नुहोस् ।
    Write any two duties of crime victims.

समूह'ख' (Group 'B')
संक्षिप्त उत्तरात्मक प्रश्नहरू (Short Answer Questions.)   *(8x5=40)*
१२. देवानी कानुन र न्यायको महत्व किन छ ? पुष्टि गर्नुहोस् ।
    Why civil law and justice is important ? Justify.
                                   OR

"कानुनको अनविज्ञता क्षम्य हुँदैन" भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

"Ignorance of law is no excuse." Justify.

१३. कुनै पुरूषले आफ्नो पत्नीका विरूद्ध सम्बन्ध विच्छेदको निवेदन दायर गर्न चाहेमा अपनाउनु पर्ने प्रक्रियाकाबारेमा सुभाव दिनुहोस् ।

Suggest a male client regarding the steps to be taken while filing divorce petition against his wife.

१४. धर्मपुत्र वा पुत्रीले निर्वाह गर्नुपर्ने भूमिका तथा जिम्मेवारीका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

Explain the roles and responsibilities of adopted children in brief.

१५. अपराध र फौजदारी कानुनको प्रकृतिका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

Explain the nature of crime and criminal law in brief.

OR

अपराधका विभिन्न चरणहरूको बारेमा प्रकाश पार्नुहोस् ।

Illustrate the different stages of crime.

१६. नेपालमा सुधारात्मक दण्ड प्रणाली कसरी प्रयोगमा ल्याइएको छ ?वर्णन गर्नुहोस् ।

How reformative punishment system is operated in Nepal ? Explain.

१७. नेपालको आधुनिक फौजदारी न्याय प्रणालीका कुनै पाँचवटा विशेषता उल्लेख गर्नुहोस् ।

Mention any five characteristics of modern Nepalese criminal justice system.

१८. सम्पत्तिसम्बन्धी कसूरको बारेमा संक्षेपमा वर्णन गर्नुहोस् ।

Explain briefly regarding the offences against property.

१९. दोहोरो खतराको सिद्धान्त कस्तो अवस्थामा लागू हुन्छ ?

In what situation the principle of double jeopardy is applied¿

समूह'ग' (Group 'C')

(विस्तृत उत्तरात्मक प्रश्नहरू/Long Answer Questions.) *(3x8=24)*

२०. पतिसँगबाट अंश लिई भिन्न बस्न चाहेमा त्यस्तो महिलालाई मुलुकी देवानी संहिता, २०७४ मा भएको व्यवस्थालाई आधार मान्दै कस्तो सुभाव दिनुहुन्छ ? उल्लेख गर्नुहोस् ।

How do you suggest a lady client who is wishing to get partition from her husband as per the provisions of Muluki Civil Code, 2074 B.S. ? Explain.

२१. करार भनेको के हो ? वैध करारका आवश्यक तत्वहरूको वर्णन गर्नुहोस् ।

What is a contract ? Explain the essential elements of a valid contract.

OR

करारको उल्लङ्घन भन्नाले के बुभनुहुन्छ ? नेपालमा करारको उल्लङ्घन भएमा उपलब्ध कानुनी उपचारका बारेमा उल्लेख गर्नुहोस् ।

What do you mean by breach of contract ? Mention the legal remedies available for breach of contract in Nepal.

२२. "व्यक्ति विरूद्धको कसूर गम्भीर अपराध हो" भन्ने भनाइलाई व्यक्ति विरूद्धको कसूरका प्रकारका आधारमा पुष्टि गर्नुहोस् ।

'Offences against person is a serious crime'. Justify this statement in the light of different kinds of offences against person.

-0-

राष्ट्रिय परीक्षा बोर्ड

नमुना प्रश्न

ऐच्छिक नेपाली

(२०७९)

विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।

समय : ३ घण्टा   पूर्णाङ्क : ७५

समूह 'क'

१. दिइएको कथांश पढी सोधिएका प्रश्नका उत्तर दिनुहोस् :   (३+२)

सोचौँ आज जिन्दगी फेरि नयाँ मोडमा उभिएको छ, यही नयाँ मोडमा उभिएर सोच्दै छु । यो मोडबाट अलग्गिएर गएका दुइटा बाटाहरूमध्ये म कुन बाटामा आफ्नो पहिलो पाइला चालूँ ? एउटा बाटामा शक्तिहीनता छ, असक्षमता छ, निराशा छ, असन्तुष्टि छ, उदासी छ, वैराग्य छ, पलायन छ, छटपटी छ, कुण्ठा छ, पीडा छ, दुःख असन्तुष्टि छ, उदासी छ, अग्निशाला छ, अनास्था छ, स्नेहको अभाव छ, अर्को बाटो तेर्छिएको छ । हेर्छ तलसम्म त्यहाँ जीवनका यशस्वी साहसी बिम्बहरू छन्, कर्मशीलता छ, जागरण छ, सचेतता छ, उत्कृष्टता छ । यसरी जीवनका यावत् सहज र सकारात्मक पक्षहरू छन् । उज्याला स्रोतहरू छन्, हरियालीहरू हुन् । शान्तिपूर्वक जिउनुका आधारहरू हुन् ।

प्रश्नहरू

(क) माथिको कथांशमा कुन दृष्टिविन्दु प्रयोग भएको छ ? उदाहरणसहित लेख्नुहोस् ।

(ख) माथिको कथांशमा 'म' पात्रमा किन द्विविधा उत्पन्न भएको हो ? दुईओटा कारण दिनुहोस् ।

२. तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :   (३+२)

जहाँ

हरियाहरिया पहाडका फरिया

अलिक तल सारेर

निर्मल, स्वच्छ र न्यानो घाममा

हिमालले सधैँ ढाड सेकेको हुन्छ

म जति टाढा भए पनि त्यो मेरो देश

सधैँ मेरो मनले

सपनामा पाइला टेकेको हुन्छ ।

प्रश्नहरू :

(क) माथिको कवितांशलाई व्याकरणिक पदक्रममा रूपान्तरण गर्नुहोस् ।

(ख) माथिको कवितांशमा प्रकृतिलाई कसरी मानवीकरण गरिएको छ ?

३. तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :   (३+२)

विचार गरेर ल्याउँदा यसको जम्मै पोल खुल्छ । सर्वप्रथम यो एउटा लामकिरो हो । यो भन्दा बढी केही होइन । यसको किरोपनको ज्ञान नहुन्जेल मात्र मानिस यससित डराउने हुन् तर पछि त यसलाई बैठाउने कैयन् सजिला वा जटिलै पनि उपायहरू मानिसले पत्ता लगाउँछ । यसको पनि सीमित इतिहास छ । यसको पनि परम्परा छ । जबसम्म यसले आफ्नो परम्पराको साँगुरोपनलाई छोड्न सक्दैन तबसम्म यसको उन्नति हुनुहुँदैन । यसको आमाले

